प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## सुदूरपश्चिम प्रदेश कार्यालय

धनगढी, कैलाली

ई-बोलपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०३/२५

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सुदूरपश्चिम प्रदेश कार्यालय धनगढी, कैलालीले प्रदेश कार्यालय धनगढी र अन्तर्गतका आंगिक शिक्षालयहरुमा सुरक्षा सेवा आपूर्ति गर्ने कार्य ठेक्कामा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त सेवा प्रदायक संस्था /फर्म/कम्पनि निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक सिलबन्दी ई-बोलपत्र पेश आह्वान गरिन्छ ।

शर्तहरू:

१. ई-बोलपत्र फाराम प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद सुदूरपश्चिम प्रदेश कार्यालयको नाममा रहेको रा.वा.बैंक धनगढी शाखाको खातानं. ४१७०१०००६५०८००१ मा (पछि फिर्ता नहुने गरी) रू. ३०००।०० ( अक्षेरी रुपी तिन हजार मात्र ) जम्मा गरेको सक्कल बैंक भौचर पेसगरी खरिद गर्न सकिनेछ ।दरभाउ पत्र सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र, २०८३/०४/१४ गते सम्म (सो दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो १२:००बजे सम्ममा upload गर्नु पर्नेछ।रीतपूर्वक upload भएका दरभाउपत्रहरू भोलिपल्ट १४:०० बजे सम्बन्धित ई-बोलपत्र दाताहरूको रोहबरमा यस कार्यालयमा (ई-बोलपत्र दाता उपस्थित नभएपनि) खोलिनेछ।

२. ई-बोलपत्र भर्न फर्म/संस्था/कम्पनी को दर्ता नवीकरण इजाजत प्रमाणपत्र,, आयकर दर्ता प्रमाणपत्र,, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र र करचुक्ता वा करदाखिला वाकर दाखिला म्याद थपको प्रमाणित प्रतिलिपि संलग्न गरी निवेदन पेस गर्नु पर्नेछ।

३. ई-बोलपत्र फाराम साथ ई-बोलपत्र जमानत (बिडबन्ड) वापत रू. २०००००/- (अक्षेरुपि दुई लाख रूपैयाँ मात्र) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, सुदूरपश्चिम प्रदेश कार्यालयको नाममा रहेको रा.वा.बैंक धनगढी शाखाको खातानं. ४१७०१०००६५०७००१ मा जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा सो बराबरको नेपालस्थित' क' श्रेणीको बणिज्य बैंकबाट जारीभएको कम्तीमा ९० दिन म्यादभएको बैंक जमानी पत्र अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ।संयुक्त उपक्रममा प्रस्ताव दर्ता गराउन चाहने प्रस्तावदाताले ई-बोलपत्र को जमानत (बिडबन्ड) समेत संयुक्त उपक्रमकै नाममा अनिवार्य रुपमा पेस गर्नु पर्नेछ।

४. ई-बोलपत्र दाताले कबोल गरेको दररेट तथा कुल रकम अंक र अक्षरमा प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ।

५. ई-बोलपत्र फाराम दर्ता गर्दा यस कार्यालयको नाम, ई-बोलपत्र र कार्यको नाम स्पष्ट रुपमा लेख्नु पर्नेछ। ई-बोलपत्रमा बोलपत्रदाताको नाम, ठेगाना, दस्तखत र छाप अनिवार्य रुपमा हुनु पर्नेछ।

६. म्याद नाघेको वा रीतनपुगेको वा एउटाको नामबाट खरिदभई अर्काको नाममा दर्ता हुन आएको दरभाउ पत्र फाराम लाई मान्यता दिइने छैन।

७. ई-बोलपत्र फाराम आंशिक वा पूर्णरुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचनानै रद्दगर्ने पूर्णअधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।

८. अन्य शर्तहरू ई-बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।सूचना र दरभाउ पत्रमा उल्लेख नभएका कुराहरूको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् आर्थिक प्रशासन सम्बन्धी विनियमावली २०६२ (संशोधन समेत), सिटिईभिटी सेवाकरार निर्देशिका २०७४, श्रम ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३ (स.स) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

९. ई-बोलपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयको फोन ०९१-४१२१८८ र **९८५८४८८०४८** मा सम्पर्क राखी बुझ्न सकिनेछ।